नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
☎०९१-५२११०१ 📠०९१-५२२४४६
dao.kailali@gmail.com
verify.daokailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi
धनगढी, कैलाली

## जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

हाल विश्वभर फैलिइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण यस जिल्लामा समेत तीव्र रुपमा बढिरहेको हुँदा यसको रोकथाम र नियन्त्रणका निमित्त नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड- १९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२९ गते यस कार्यालयबाट जारी गरिएको आदेशमा देहायका बुँदाहरु थप तथा परिमार्जन गरी तपशिल बमोजिम हुने गरी मिति २०७८ जेठ १४ गतेदेखि मिति २०७८ जेठ २० गते राति १२:०० बजेसम्म कैलाली जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको छ। सदाझैं यस आदेशको पालना गर्नु/गराउनु सम्बन्धित सबै सरकारी/गैरसरकारी संघसंस्था, व्यक्ति, पेशाकर्मी, उद्योगी/व्यवसायी, सञ्चारकर्मी तथा आमनागरिकको कर्तव्य हुनेछ। यस आदेशको उल्लंघन भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**१. सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा**

- ✓ अत्यावश्यक सेवा बाहेकका अन्य सरकारी कार्यालय, सार्वजनिक संस्था/संस्थान, बीमा लगायतका सेवा हाललाई बन्द गर्ने।

**२. अत्यावश्यक सामग्री खरिदका सम्बन्धमा**

- ✓ खाद्य सामग्री र औषधि तथा स्वास्थ्य सामग्री लगायत अत्यावश्यक सामग्रीका पसल बाहेक अन्य पसल/व्यवसायहरु हाललाई बन्द गर्ने। खाद्य सामग्री, तरकारी, फलफूल पसल/व्यवसायहरु हरेक मंगलबार, बिहीबार र शनिबार गरी हप्ताको ३ (तीन) दिन बिहान ६:०० बजे देखि ९:०० बजेसम्म जनस्वास्थ्य र सुरक्षाका मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्ने। यस अवधिमा समेत अत्यावश्यक मालसामान ढुवानीका साधन बाहेक अन्य सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन गर्न नपाइने ।
- ✓ खाद्य सामग्री, ग्रोसरी, औषधि पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेका जनस्वास्थ्यका मापदण्डहरुको कडाईका साथ पालन गरेर मात्र सञ्चालन गर्ने।

खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

क्रमशः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

- ✓ अत्यावश्यक उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव देखाई मूल्य बृद्धि गर्ने, कालोबजारी वा जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध सिर्जना गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानून बमोजिम कडा कारवाही गर्ने।

**३. सवारी साधन सञ्चालन सम्बन्धमाः**

- ✓ अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा १ (एक) जना कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सार्वजनिक एवम् निजी सवारी साधनहरु सञ्चालनमा मिति २०७८ जेठ १४ गतेदेखि मिति २०७८ जेठ २० गते राति १२:०० बजेसम्म रोक लगाउने।
- ✓ अत्यावश्यक सेवा (एम्बुलेन्स, दमकल, दूध तथा दुग्धजन्य पदार्थ, खानेपानी, फोहोरमैला व्यवस्थापन, दूरसञ्चार, इन्टरनेट, आइसोलेशन र क्वारेन्टाइन) का सवारी साधनहरु स्पष्ट खुल्ने ब्यानर वा कागजातका आधारमा सञ्चालन गर्न सकिने।
- ✓ सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायक संस्थाका सवारी साधनको हकमा कार्यालय आवतजावतका लागि मात्र प्रयोग गर्ने गरी बिहान ०९:३० बजेदेखि १०:३० बजेसम्म र बेलुका ०५:०० बजेदेखि ०६:०० बजेसम्म सञ्चालन गर्न पाइने। अन्य अत्यावश्यक काममा सरकारी सवारी साधनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको पासका आधारमा सञ्चालन गर्न पाइने।
- ✓ विकास निर्माण आयोजनाका हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीले जारी गरेको सवारी पास लिएर मात्र सञ्चालन गर्ने। विकास निर्माण र अत्यावश्यक सामग्री उत्पादन गर्ने उद्योग, कलकारखानालाई तपसिलका सुरक्षा तथा स्वास्थ्य मापदण्ड सहित सञ्चालन गर्ने।
  - (क) श्रमिक र अन्य जनशक्ति अनिवार्य रुपमा कार्यस्थलमै रहनु पर्ने। निजहरुलाई खाना र बसनको व्यवस्था कार्यस्थलमै गरी बाहिर जान र बाहिर रहेको परिवार, साथीभाइ, इस्टमित्रसँग सम्पर्क गर्न नदिने।
  - (ख) सबै श्रमिकको दैनिक ज्वरो नाप्ने, सबैले मास्क र सेनिटाईजर प्रयोग तथा साबुनपानीको प्रयोग गर्ने।
  - (ग) उद्योग तथा निर्माण कार्यमा संलग्न मजदूर कर्मचारीलाई एक ठाउँबाट अर्को ठाउँमा समूहगत रुपमा ओसारपसार नगर्ने।
  - (घ) संक्रमणको लक्षण देखा परेमा व्यवसायीले आईसोलेशनमा राख्ने।
- ✓ निर्माण सामग्रीका लागि प्रयोग हुने सवारी साधनहरु राति ०८:०० बजेदेखि बिहान ०५:०० बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछजिल्ला प्रशासन कार्यालयबाट यस अघि जारी गरिएका सम्पूर्ण पासहरु रद्द गरिएको छ।

२०७८।०२।१२

खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

क्रमशः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

- ✓ अस्पताल आउने विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने अवस्थाका लागि सवारी साधन प्रयोग गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पास लिनुपर्ने।

**४. सभा/सम्मेलन, विवाह/ब्रतबन्ध, पूजाआजाका हकमा**

- ✓ कुनै पनि प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालीम, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ्ग पुल, डान्स बार, सपिङ्ग मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्युटी पार्लर, जिमखाना, हेल्थ क्लब, समूहमा खेलिने खेलकूद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न नपाइने।
- ✓ विवाह/ब्रतबन्धको हकमा जनस्वास्थ्यका सबै प्रोटोकल र मापदण्डहरु पालना गर्ने गरी बढीमा ७ (सात) जनासम्म मात्र भेला हुने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्न पाइने। पार्टी प्यालेस, होटल आदिमा गर्न नपाइने। विवाह/ब्रतबन्धमा एक वटा मात्र सवारी साधन (बेहुला बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्न पाइने।
- ✓ पुजारीबाट हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन गर्न नपाइने।

**५. आवतजातका सम्बन्धमा**

- ✓ औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक वस्तु तथा सेवा खरिद गर्दा वा प्राप्त गर्दा बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्किने। Morning walk, Evening walk बन्द गर्ने।
- ✓ घर बाहिर निस्किँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, दुई व्यक्तिबीच कम्तीमा दुई मिटरको दुरी कायम गर्ने र साबुनपानीले पटक-पटक हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने।

६. नेपाल सरकार, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, केन्द्रीय कोभिड संकट व्यवस्थापन केन्द्र (CCMC), प्रदेश कोभिड संकट व्यवस्थापन केन्द्र (PCCMC), तथा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) बाट जारी भएका मापदण्ड, योजना तथा आदेशलाई पालना गर्नु सबैको कर्तव्य हुने हुँदा आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुर्‍याउन व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२०, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारबाही र सजाय हुने व्यहोरा समेत जानकारी गराइन्छ। अध्यादेशका सम्बन्धमा मिति २०७८/०२/११ मा जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनाबाट थप जानकारी लिनुहुन अनुरोध गरिन्छ।

७. कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी/गराई कोभिड-१९ संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं सम्बन्धित सबै पक्ष, वर्ग र आमजनसमुदायको निरन्त सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, कैलाली पुन: हार्दिक अपील गर्दछ।

मिति:- २०७८/०२/१२

२०७८।०२।१२
खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी